# गल्कोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
गल्कोट, बाग्लुङ

गण्डकी प्रदेश, नेपाल

प.सं. : ०७६/०७७

च.नं. :

मिति : २०७६/७/१८

**विषय : नमूना विद्यालयका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।**

श्री गलकोट नगरपालिकास्थित
आधारभूत विद्यालयहरु ।

प्रस्तुत विषयमा यस गलकोट नगरपालिकाको आ.व. ०७६।०७७ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार यस नगरपालिकाअन्तर्गत सञ्चालनमा रहेका विद्यालयहरुमध्ये एउटा आधारभूत विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्न सहयोग गर्ने कार्यक्रम रहेकोले तपसीलमा उल्लेख भएका नमूना विद्यालय छनौटका न्यूनतम शर्तहरु पूरा भएका विद्यालयहरुले कार्यक्रमका विस्तृत विवरण र कार्ययोजना निर्माण गरी व्यवस्थापन समितिको निर्णयसहित मिति २०७६।८।२ भित्र यस नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा प्रस्ताव सहित आवेदन पेश गर्नुहुन सम्बन्धित सबैलाई जानकारीका लागि सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद पछि प्राप्त हुने प्रस्तावना उपर कुनै कार्यवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**शर्तहरु**

- कम्तीमा कक्षा ५ सम्म सञ्चालन भएको आधारभूत विद्यालय हुनुपर्नेछ ।
- चालु शैक्षिक सत्रमा कक्षा १ देखि ५ सम्म कम्तीमा ४० जना विद्यार्थी विद्यालयमा भर्ना भई नियमित अध्ययन गरिरहेको हुनुपर्नेछ ।
- विद्यालयले आ.व. ०७५।०७६ का विद्यालय गतिविधिहरुको नियमानुसार सामाजिक परीक्षण गरेको र शैक्षिक सत्र २०७६ को विद्यालय सुधार योजना अद्यावधिक गरी पेश गरेको हुनुपर्नेछ ।
- विद्यालयका लागि आवश्यक न्यूनतम भौतिक पूर्वाधार (भवन, कक्षाकोठा, शौचालय र खेलमैदान) भएको र भौगोलिक दृष्टिले उपयुक्त स्थानमा रहेको विद्यालय हुनुपर्नेछ ।
- यस कार्यक्रमबाट चालु आ.व.मा प्रदान गरिने रकम भौतिक सुधारतर्फ खर्च गर्न नपाइने भएकाले विद्यालयले गुणस्तर सुधार (विद्यार्थीको सिकाइ उपलब्धि सुधार)का कार्यक्रमहरुमा मात्र खर्च गर्न पाइने भएकाले गुणस्तर सुधारका क्रियाकलापहरु जस्तै : शिक्षक तथा सरोकारवालाको क्षमता विकास, सिकाइ सामग्री, विद्यार्थी प्रतिभा प्रस्फुटनका क्रियाकलाप, उपचारात्मक शिक्षणमा खर्च गर्ने गरी सुधारको कार्ययोजनासहितको प्रस्ताव पेश गर्नुपर्नेछ ।
- विद्यार्थी सिकाइ उपलब्धि सुधारका लागि प्रथम त्रैमासिक परीक्षाको नतिजाका आधारमा हरेक शिक्षकले चालु शै.स.को अन्तसम्मका लागि शिक्षण सुधार योजना निर्माण गरी पेश गरेको हुनुपर्नेछ ।
- प्रस्तावनाको ढाँचा नगरपालिकाले तोकेबमोजिम हुनुपर्नेछ ।

...........................

शिशिर पौडेल

प्रमुख प्रशासकीय अधिकृत